# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ४, संख्याः २३, आश्विन २२ गते, २०७७ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## व्यास नगरपालिका स्लेट ढुङ्गा उत्खनन् तथा कटिङ उद्योग सञ्चालन कार्यविधि २०७७

कार्यपालिकाबाट स्वीकृत मितिः २०७७६।२२

**प्रस्तावना**ः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा ५ (घ) तथा सोही ऐनको दफा ११ उपदफा २ (प) बमोजिम व्यास नगरपालिका क्षेत्र भित्र रहेका ढुङ्गाजन्य प्राकृतिक श्रोतको संरक्षण तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले व्यास नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमिति गर्ने), ऐन २०७५ को दफा ४ (१) अनुसार व्यास नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "व्यास नगरपालिका स्लेट ढुङ्गा उत्खनन् तथा कटिङ उद्योग सञ्चालन कार्यविधि २०७७ रहनेछ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "अनुगमन तथा मूल्याङ्कन समिति" भन्नाले यस कार्यविधि दफा ४ (२) बमोजिम गठित अनुगमन तथा मूल्याङ्कन समिति सम्झनुपर्छ ।

(ख) "उद्योग" भन्नाले उत्खनन् गरिएका स्लेट ढुङ्गाहरु टुक्राउने, फुटाउने, मिलाउने वा कम्तिमा एक तह प्रशोधन गर्ने मेसिन औजार जडित कार्य सहितको उद्योग सम्झनुपर्छ ।

(ग) "उत्खनन्" भन्नाले जमिनको सतह मुनि रहेका ढुङ्गाहरुलाई विभिन्न औजारहरुको प्रयोगको माध्ययमबाट बाहिर निकाल्ने काम सम्झनुपर्छ ।

(घ) "उप प्रमुख" भन्नाले व्यास नगरपालिकाको उप प्रमुख सम्झनुपर्छ ।

(ङ) "उपशाखा" भन्नाले नगरपालिकाको आर्थिक पूर्वाधार विकास शाखा अन्तर्गत रहेको उद्योग तथा पर्यटन विकास उपशाखा सम्झनुपर्छ ।

(च) “कार्यविधि” भन्नाले “व्यास नगरपालिका स्लेट ढुङगा उत्खनन् तथा कटिङ उद्योग सञ्चालन कार्यविधि २०७७” सम्झनुपर्छ ।

(छ) “खानीजन्य पदार्थ” भन्नाले खानीबाट उत्खनन् गरिएको चट्टान, स्लेट, ढुंगा, गिटी, वालुवा जस्ता साधारण निर्माणमुखी पदार्थलाई सम्झनुपर्छ ।

(ज) “नगरपालिका” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गठित व्यास नगरपालिका सम्झनुपर्छ ।

(झ) “नगर कार्यपालिका” भन्नाले व्यास नगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्छ ।

(ञ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले व्यास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ट) “प्रारम्भिक वातावरणीय परीक्षण” भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने वा नपार्ने सम्बन्धमा यकिन गर्नुको साथै त्यस्तो प्रभावलाई कुनै उपायको सम्बन्धमा विश्लेषणात्मक रुपमा गरिने अध्ययन तथा मूल्यांकन सम्झनुपर्छ । साथै सो शब्दले व्यास नगरपालिका वातावरणीय परीक्षण ऐन २०७७ बमोजिमको प्रारम्भिक वातावरणीय परीक्षण एवं व्यवस्थापन समिति समेतलाई जनाउने छ ।

(ठ) “शाखा” भन्नाले नगरपालिकाको आर्थिक पूर्वाधार विकाश शाखा सम्झनुपर्छ ।

(ड) “स्लेट ढुङ्गा” भन्नाले प्राकुतिक रुपमा पाइने ढुङ्गालाई प्रशोधन गरी घर, आँगन शौचालय लगायतका भवनहरुमा मार्वल जस्तै गरिकन आकर्षक रुपमा प्रयोग गर्न सकिने ढुङ्गाा सम्झनुपर्छ ।

३. **<u>अनुमति प्राप्त नगरी उत्खनन् र उद्योग सञ्चालनको कार्य गर्न नहुने</u>**: प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा सोही बमोजिम हुने र नगरपालिका भित्र उत्खनन् तथा उद्योग सञ्चालन गर्न अनिवार्य रुपमा नगरपालिकाबाट स्वीकृति लिएर मात्र गर्नुपर्नेछ ।

४. **<u>दर्ता गर्ने सम्बन्धी व्यवस्था</u>**: (१) स्लेट ढुङ्गा उत्खनन् र उद्योग सञ्चालन गर्न चाहने व्यक्ति, फर्म वा कम्पनीले क्रमशः उत्खनन् कार्यका लागि अनुसूची १ र उद्योग सञ्चालनका लागि अनुसूची २ बमोजिमको ढाँचामा उपशाखामा दरखास्त दिन सक्नेछन् ।

(२) उपशाखामा पर्न आएको दरखास्त उपर योग्यता पुगे नपुगेको अध्ययन एवं छानविन गर्न देहाय बमोजिम सात सदस्यीय अनुगमन तथा मूल्यांकन समिति गठन हुनेछः

| | |
|---|---|
| (क) उप प्रमुख | -संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (ग) आर्थिक समिति संयोजक | -सदस्य |
| (घ) सम्बन्धित वडाको वडा अध्यक्ष | -सदस्य |
| (ङ) शहरी पूर्वाधार तथा प्राविधिक शाखा प्रमुख | -सदस्य |
| (च) आर्थिक पूर्वाधार विकास शाखा प्रमुख | -सदस्य |
| (छ) उद्योग तथा पर्यटन विकास उपशाखा प्रमुख | -सदस्य सचिव |

(३) अनुगमन तथा मूल्यांकन समितिले योग्यता पुगी अनुमति पत्र दिन मनासिव छ भनी सिफारिस गरेमा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले अनुसूची ३ अनुसारको ढाँचामा अनुमति पत्र दिने छन् । सोको अनुमोदनका लागि कार्यपालिका बैठकमा पेश गर्नुपर्नेछ ।

(४) अनुमति पत्र दिनु अघि उत्खनन् र उद्योग सञ्चालनको दस्तुर सम्बन्धित प्रमाणपत्र लिने व्यक्ति वा संस्थाबाट नगरपालिकाको आर्थिक ऐनले तोके बमाजिम हुनेछ ।

**५. उत्खनन् अनुमति पत्रको लागि आवश्यक योग्यताः** उत्खनन् अनुमति पत्रको लागि निम्नानुसारको योग्यता पुगेको हुनुपर्नेछः

(क) न्यूनतम ५ रोपनी क्षेत्रफल भएको जग्गाधनी प्रमाणपत्र वा भाडाको जग्गा भए कम्तिमा ५ वर्षसम्मको प्रयोजन खुल्ने गरी नियमानुसार गरिएको जग्गा भाडामा लिने सम्झौताको पत्र,
(ख) कर तिरेको रसिद,
(ग) नेपाली नागरिकताको प्रमाण पत्र,
(घ) सम्बन्धित वडा कार्यालयको सिफारिस,
(ङ) वन कार्यालयको सिफारिस,
(च) प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन,
(छ) स्थानीय जनप्रतिनिधिको रोहवरमा भएको चार किल्ला सहितको मुचुल्का,
(ज) राजमार्गबाट कम्तिमा ५०० मिटरभन्दा बाहिर ।

**६. उद्योग सञ्चालन अनुमति पत्रको लागि आवश्यक योग्यताः** उद्योग सञ्चालन अनुमति पत्रको लागि निम्नानुसारको योग्यता पुगेको हुनुपर्नेछः

(क) न्यूनतम १ रोपनी क्षेत्रफल भएको जग्गाधनी प्रमाणपत्र वा भाडाको जग्गा भए कम्तिमा ५ वर्षसम्मको स्थानीय जन प्रतिनिधिको रोहवरमा प्रयोजन खुल्ने गरी नियमानुसार गरिएको जग्गा भाडामा लिने सम्झौताको पत्र,
(ख) कर तिरेको रसिद,
(ग) नागरिकताको प्रमाणपत्र,
(घ) सम्बन्धित वडा कार्यालयको सिफारिस,
(ङ) स्थानीय जनप्रतिनिधिको रोहवरमा भएको चार किल्ला सहितको मुचुल्का,
(च) राजमार्गबाट कम्तिमा २५ मिटर र सहायक मार्गबाट कम्तिमा १५ मिटरभन्दा बाहिर,
छ) ढुङ्गा कटिङ्गका लागि कम्तिमा २ वटा कट पिस मेसिन,
ज) मेसिन चलाउने कामदारको विवरण ।

**७. वातावरणमा प्रतिकुल असरको निराकरण गर्नुपर्नेः** (१) उद्योग दर्ता गरेपछि उद्योग सञ्चालन गर्नुपूर्व वातावरण सम्बन्धी प्रचलित कानूनले निर्दिष्ट गरे बमोजिम वातावरणीय परीक्षणको कार्य पुरा गर्नुपर्नेछ ।

(२) उद्योग सञ्चालनका क्रममा वातावरणमा परेको वा पर्न सक्ने प्रतिकुल वातावरणीय असरको निराकरण गर्ने जिम्मेवारी सम्बन्धित उद्योगको हुनेछ । वातावरण परीक्षणबाट सो उद्योग वातावरण सम्बन्धी कानून तथा वातावरण मापदण्ड विपरीत देखिएमा वातावण सम्बन्धी प्रचलित कानून बमोजिम त्यस्तो उद्योगलाई कारवाही गरिने छ ।

**८. व्यवसायिक उत्पादन वा कारोवार प्रारम्भ गरेको जानकारी दिनुपर्नेः** (१) नगरपालिकाले उद्योगको प्रकृति र लगानीको आकारको आधारमा उद्योग स्थापना भई व्यवसायिक उत्पादन वा कारोवार प्रारम्भ गर्नका लागि लाग्ने अवधि सम्बन्धमा आवश्यक मापदण्ड तयार गरी जारी गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको मापदण्ड तयार भएका उद्योगका हकमा त्यस्तो उद्योगले मापदण्डमा तोकिएको अवधि भित्र उद्योगको व्यवसायिक उत्पादन वा कारोवार प्रारम्भ गरी सोको लिखित जानकारी नगरपालिकालाई दिनुपर्नेछ ।

९. **विवरण उपलब्ध गराउनुपर्नेः** (१) प्रत्येक उद्योगले व्यवसाय प्रारम्भ गरेपछि तोकिए बमोजिमको विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको ६ महिना भित्र नगरपालिकामा पेश गर्नुपर्नेछ ।

१०. **उद्योग बन्द गरेमा जानकारी दिनुपर्नेः** (१) यस कार्यविधि बमोजिम दर्ता भएको उद्योगका उद्योगीले कुनै कारणले बन्द गरेमा वा उद्योगको व्यवसायिक उत्पादन वा कारोवार स्थगन गरेमा त्यसरी बन्द वा स्थगन गरेको मितिले पन्ध्र दिनभित्र त्यसको लिखित जानकारी नगरपालिकालाई दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम उद्योग बन्द गर्ने जानकारी नगरपालिकामा प्राप्त हुन आएका प्राप्त भएको मितिले १५ दिन भित्र उद्योग बन्द भएको जानकारी सम्बन्धित उद्योग धनीलाई दिनुपर्नेछ ।

११. **अनुमति पत्रको अवधिः** दफा ४ को उपदफा (३) बमोजिम प्रदान गरिने अनुमति पत्र खारेज वा अन्यथा नभएमा श्रावण १ देखि आषाढ मसान्त वा एक आर्थिक वर्षसम्म रहनेछ ।

१२. **अनुमति पत्र नवीकरण सम्बन्धी व्यवस्थाः** (१) अनुमति पत्रको अवधि समाप्त भएकोमा अनुमति पत्रको अवधि समाप्त भएको तीन महिना भित्र प्रचलित कानून बमोजिम तिर्नुपर्ने कर तिरेको, लेखा परीक्षण प्रतिवेदन, उपकरणको विवरण पेश भएमा नगरपालिका आर्थिक ऐनले तोके बमोजिम दस्तुर लिई अनुसूची ४ को ढाँचामा निवेदन लिई प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतबाट नवीकरण गरिने छ ।

(२) उपदफा (१) बमोजिमको हदम्याद भित्र नवीकरण नगर्ने व्यक्ति वा संस्थाको म्याद नाघेको ६ महिना भित्र सबै प्रमाण पुऱ्याई नवीकरणका लागी माग गरेमा दोब्बर दस्तुर लिई नवीकरण गर्न सकिने छ ।

१३. **अनुमति पत्रको खारेजीः** (१) देहायको अवस्थामा नगरपालिकाले अनुमतिपत्र खारेज गर्न सक्नेछः

(क) झुट्ठा विवरण पेश गरी अनुमति पत्र प्राप्त गरेको प्रमाणित भएमा,
(ख) नियम बमोजिम कार्य सम्पन्न नगरेको वा कर छली जस्ता कार्य उल्लंघन भएको सम्बन्धित निकायबाट पुष्टि भएमा ।

(२) उपदफा (१) बमोजिम अनुमति पत्र खारेज गर्नु अघि सम्बन्धित पक्षलाई स्पष्टीकरण पेश गर्न न्यूनत्तम सात दिनको समय दिइने छ ।

(३) दफा १३ को उपदफा (१) र (२) बमोजिमको म्यादभित्र नवीकरण नभएको अनुमति पत्र स्वतः खारेज हुनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम अनुमति पत्र खारेज भएकोमा नगरपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्तिलाई दिनेछ । यस्तो जानकारी सञ्चार माध्यमबाट पनि दिन सकिने छ ।

१४. **अनुमति पत्रको प्रतिलिपि दिने व्यवस्थाः** कुनै व्यक्ति वा संस्थाले अनुमति पत्र हराए वा नासिएको कारणबाट अनुमति पत्रको प्रतिलिपि पाउन निवेदन पेश गरेमा नगरपालिकाको आर्थिक ऐनले तोके बमोजिमको दस्तुर लिई अनुमति पत्रको प्रतिलिपि दिनुपर्नेछ ।

१५. **अनुगमन गर्नेः** (१) नगरपालिकाले उद्योगले पालना गर्नुपर्ने मापदण्ड तथा उद्योग दर्ता प्रमाणपत्रमा उल्लेखित शर्तको पालना गरे नगरेको सम्बन्धमा उद्योगको नियमित अनुगमन गर्नेछ ।

(२) नगरपालिकाले उपदफा (१) बमोजिमको अनुगमनको सिलसिलामा सम्बन्धित उद्योगबाट कुनै जानकारी वा विवरण माग गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम कुनै जानकारी वा विवरण माग गरेमा त्यस्तो जानकारी वा विवरण उपलब्ध गराउनु सम्बन्धित उद्योगको कर्तव्य हुनेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त भएको जानकारी वा विवरणबाट त्यस्तो उद्योग सञ्चालनमा कुनै किसिमको समस्या भएको देखिएमा सम्बन्धित उद्योगसँग परामर्श गरी नगरपालिकाले त्यस्तो उद्योगलाई आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

**१६. जरिवाना सम्बन्धी व्यवस्थाः** (१) कसैले यस कार्यविधि बमोजिम दर्ता गराई वा नगराई उद्योग स्थापना वा सञ्चालन गरे वा नगरेको सम्बन्धमा नगरपालिकाले अनुगमन, निरीक्षण गर्दा यस कार्यविधि बमोजिम उद्योग दर्ता नगराई उद्योग स्थापना वा सञ्चालन गरेको पाइएमा त्यस्तो उद्योग स्थापना वा सञ्चालन गर्ने व्यक्ति तथा सोसँग सम्बन्धित विवरण सहितको प्रतिवेदन तयार गरी कारवाहीका लागि नगर कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिवेदन प्राप्त हुन आएमा नगर कार्यपालिकाले त्यस्तो व्यक्तिलाई यस कार्यविधि बमोजिम उद्योग दर्ता गराई सञ्चालनमा ल्याउन सोको प्रमाण पेश गर्न तीस दिनको समय दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको समयावधि भित्र उद्योग दर्ता नगर्ने व्यक्तिलाई नगर कार्यपालिकाले देहाय बमोजिमको कारवाही गर्न सक्नेछः

(क) त्यस्तो व्यक्तिले स्थापना वा सञ्चालन गरेको उद्योग बन्द गर्ने आदेश दिने,

(ख) उद्योगको स्तर हेरी दश हजारदेखि पच्चीस हजारसम्म जरिवाना गर्ने ।

(४) दफा (९) बमोजिम तोकिएको विवरण तोकिएको अवधि भित्र उपलब्ध नगराएमा नगरपालिकाले प्रत्येक आर्थिक वर्षका लागि दश हजार रुपैयाँदेखि चालीस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

**१७. प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

अनुसूची १
(दफा ४ (१) सँग सम्बन्धित)
उत्खनन-पत्रको लागि दिइने दरखास्त दरखास्तवालको फोटो

श्री व्यास नरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
दमौली, तनहुँ ।

विषयः अनुमति पत्र पाऊँ भन्ने बारे

यस ..................... कार्यालयको कार्यविधि ................. बमोजिम स्लेट ढुङगा उत्खनन कार्य गर्नको लागि अनुमति पत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ ।

१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको नामः
ठेगानाः टेलिफोन नं.: ............. इमेलः ..................

२. फर्म वा कम्पनीको प्रकृति

| प्राइभेट लिमिटेड कम्पनी (एकलौटी) | पब्लिक लिमिटेड कम्पनी (साझेदारी) |
|---|---|
| | |

(कोष्ठमा रेजा चिन्ह लगाउनु पर्नेछ)

३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारिक व्यक्तिको नामः
ठेगानाः टेलिफोन नं. इमेलः

४. फर्म वा कम्पनीको विवरणः
अधिकृत पूँजीः जारी पूँजीः

५. आर्थिक श्रोतको विवरणः

| खाताको प्रकार | रकम | वित्तीय संस्था/बैंकको नाम |
|---|---|---|
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |

उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिने छ

६. कामदारको विवरणः
क) प्राविधिकः ख) अप्राविधिकः ग) अन्यः प्राविधिक

७. आफ्नो स्वामित्वमा रहेको साधन तथा मेशिनरी औजारको विवरणः

| सि.नं. | नाम तथा विवरण | दर्ता नम्बर | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

यस दरखास्त फारमा उल्लिखित सम्पूर्ण व्यहोरा ठिक साँचो छ । झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला

दरखास्तवालाकोः दस्तखतः मितिः छापः

अनुसूची २

(दफा ४ (१) सँग सम्बन्धित)

उद्योग सञ्चालन अनुमति-पत्रको लागि दिइने दरखास्त

दरखास्तवालको फोटो

श्री व्यास नरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
दमौली, तनहुँ ।

विषयः अनुमति-पत्र पाऊँ भन्ने बारे

यस .................... कार्यालयको कार्यविधि ................. बमोजिम स्लेट ढुङगा कटिङ उद्योग सञ्चालन गर्नको लागि अनुमति पत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ ।

१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको नामः
ठेगानाः टेलिफोन नं.: ............. इमेलः .................

२. फर्म वा कम्पनीको प्रकृतिः

| प्राइभेट लिमिटेड कम्पनी (एकलौटी) | पब्लिक लिमिटेड कम्पनी (साझेदारी) |
|---|---|
| | |

(कोष्ठमा रेजा चिन्ह लगाउनु पर्नेछ)

३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारिक व्यक्तिको नामः
ठेगानाः टेलिफोन नं. इमेलः

४. फर्म वा कम्पनीको विवरणः
अधिकृत पूँजीः जारी पूँजीः

५. आर्थिक श्रोतको विवरणः

| खाताको प्रकार | रकम | वित्तीय संस्था/बैंकको नाम |
|---|---|---|
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |

उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिने छ

६. कामदारको विवरणः
क) प्राविधिकः ख) अप्राविधिकः ग) अन्यः प्राविधिक

७. आफ्नो स्वामित्वमा रहेको साधन तथा मेशिनरी औजारको विवरणः

| सि.नं. | नाम तथा विवरण | दर्ता नम्बर | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

यस दरखास्त फारमा उल्लिखित सम्पूर्ण व्यहोरा ठिक साँचो छ । झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला

दरखास्तवालाकोः दस्तखतः मितिः छापः

अनुसूची ३

(दफा ४ (३) सँग सम्बन्धित)

<u>अनुमति-पत्र</u>

व्यास नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

दमौली, तनहुँ

अनुमति पत्र नं.: ………………………      मितिः …………………

स्लेट ढुङ्गा उत्खनन तथा उद्योग सञ्चालन सम्बन्धी कार्यविधि २०७७ को दफा ४ को उपदफा (३) बमोजिम उत्खनन/उद्योग सञ्चालन गर्न …………………… स्थित कार्यालय भएको …………………………………… फर्म वा कम्पनीलाई अनुमति पत्र प्रदान गरिएको छ ।

अनुमति पत्र दिनेको

नामः

दस्तखतः

पदः

मितिः

कार्यालयः

<u>नवीकरण</u>

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तुर भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

अनुसूची ४

(दफा १२ को उपदफा (१) सँग सम्बन्धित)

अनुमति पत्र नवीकरण सम्बन्धी निवेदनको ढाँचा

श्री व्यास नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
दमौली, तनहुँ ।

विषयः अनुमति पत्र नवीकरण गराई पाउँ ।

प्रस्तुत विषयका सम्बन्धमा ........................... कार्यालयबाट मिति ................. मा प्रदान गरिएको ................................... सम्बन्धी अनुमति पत्र नं. ...................... को अनुमति पत्र नियमानुसार नवीकरण गरिदिनुहुन देहाय बमोजिमका कागजातहरु संलग्न गरी यो निवेदन पेश गरेको छु ।

संलग्न कागजातहरु

१. करचुक्ता प्रमाणपत्र
२. लेखापरीक्षण प्रतिवेदन,
३. मेसिनरी उपकरणहरुको विवरण
४.सम्बन्धित वडाको सिफारिस

निवेदकको नामः
कम्पनी/फर्मको नामः
हस्ताक्षरः
अनुपति पत्र नं. र छापः
सम्पर्क नं.

आज्ञाले
डिल्लीराम सिग्देल
प्रमुख प्रशासकीय अधिकृत